# नेचासल्यान गाउपालिकाको नवौं गाउँसभाबाट स्विकृत आर्थिक बर्ष २०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रम

नेचासल्यान गाउपालिका
गाउकार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु, प्रदेश नं. १
२०७८/३/१०

# नेचासल्यान गाउपालिकाको नवौं गाउँसभा बैठकद्वारा स्विकृत आर्थिक बर्ष २०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रम

**"समुन्नत कृषि, पर्यटन, ऊर्जा, शिक्षा, स्वास्थ्य, सहकारी र पूर्वाधार !**
**सुशासन, समावेशिता र दीगो विकास समृद्ध नेचासल्यानको आधार !!"**

**श्रद्धेय अध्यक्ष ज्यु,**
**सम्पूर्ण जनप्रतिनिधज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यु, तथा सम्पूर्ण कर्मचारीहरु**

नेचासल्यान गाउँपालिकाको यस गरिमामय नवौ गाउँसभामा आगामि आ.व. २०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म आफुलाई असाध्यै भाग्यमानी ठानेको छु ।

**श्रद्धेय अध्यक्ष एवमं सदस्य ज्युहरु,**

सत्तरी दशक लामो नेपाली जनताको संविधान आफैले लेख्ने सपना बमोजिम नेपालको संविधान जारी भएको अवस्था हामि सबैलाई सर्वविदितै छ । यो सपनामा धेरै सहिदहरुको बलिदान आम नेपाली जनताको त्याग विभिन्न राजनैतिक जन आन्दोलन तथा सशस्त्र संघर्षका पिडादायी पक्ष इतिहासका पानामा रहेका छन् । नेपालीहरुको सपना बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचनामा हाल तिन तहको सरकारको उपस्थितिले जनतामा विकास निर्माण तथा दैनिक सेवा प्रवाहमा छिटो छरितो तथा प्रभावकारी सेवामा जोड दिँदै आएको छ । संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले संविधानले तोके बमोजिम आ-आफ्नो क्षेत्रबाट सेवा प्रवाह विकास निर्माण आपसी सम्बन्ध सुमधुर गर्दै सबै नेपाली जनतामा सरकारको अनुभुति दिलाउन सफल भएको अवस्था विद्यमान छ । अहिलेको अवस्था बाट अझै सबल रुपमा अगाढि बढ्न सबैले जनतालाईनै केन्द्र विन्दुमा राखेर विकास निर्माणको काममा हातेमालो गर्दै अगाडि बढाइ रहेका छौं । यसको विपरित गएर इतिहास, नेपाली जनताको त्याग, सहिदको बलिदानी विर्सेर कोही कतै पनि व्यक्तिगत हित, राजनैतीक लाभ तर्फ केन्द्रित हुनपुग्यो भने त्यसले समग्र देशलाई नै अहित हुने र राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिकता मा खलल पुग्ने निश्चित छ ।

नेचासल्यान गाउँपालिकाको सन्दर्भमा पनि हामी सबै जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, समाजसेवी लगायतको एकताले नै नेचासल्यान गाउँपालिकालाई अहिलेको अवस्थाबाट समृद्ध गाउँपालिका बनाउन तथा यहाँको जनताको तिब्र आर्थिक विकास गर्नमा सहयोग पुग्नेछ ।

विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि क्षेत्रको व्यवसायिकिकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा नेपालको संविधानको अनुसुची ८ मा व्यवस्था भए वमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरि आत्मनिर्भर उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु विद्यमान रहेका छन् ।

त्यसैगरी, थुप्रै चुनौती सँगसँगै हामी संग प्रशस्त संभावनाहरु पनि रहेका छन् । प्राकृतिक श्रोत र साधनले भरीपुर्ण, दालचिनी, अदुवा, अलौची, दलहन आदीको उत्पादन, सामुदायिक वन तथा अन्य वन, श्रममा रमाउने परिश्रमी र श्रमजिवी जनता, सडक संजाल, जलविद्युतको संभावना भएको सोलुखोला, समग्र विकास निर्माणको लागि नेचासल्यान गाउंपालिकावाट पारित भएका ऐन, कानुन र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिने चुस्त कर्मचारी संयन्त्र र अभिभावको भूमिका निर्वाह गर्ने निर्वाचित

जनप्रतिनिधीहरु हाम्रो विकासको संभावना हुन । यिनै सम्पूर्ण संभावनालाई आत्मसात गर्दै नेचासल्यान गाउंपालिकाको विकास निर्माणमा सवैको साथ र सहयोग अपरिहार्य रहेको छ ।

स्थानीय तहहरुको विकासको अपेक्षित उद्देश्यहरु हासिल गर्न जन निर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए वमोजिम नेपालको संविधान, २०७२ ले स्थानिय सरकारको परिकल्पना गरे अनुसार २०७४ आषाढ १४ गते स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात जनताको मतले हामी निर्वाचित भई यस नेचासल्यान गाउँपालिकाको नेतृत्व सम्हालेका छौं । करिव ४ वर्षको यस कार्यकाल सम्म आइपुग्दा हामिलाई गाउँपालिकाको विकास निर्माणमा सहयोग गर्ने राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगका लागि म सवै प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधीलाई यस्तै निरन्तर सहयोगको अपेक्षा गर्दछु । साथै नेपाल सरकारको “**सम्वृद्ध नेपाल, सुखी नेपाली”** भन्ने नारालाई आत्मसात गर्दै नेचासल्यान गाउंपालिका भित्रका नागरिकहरुलाई सम्वृद्ध र सुखी बनाउन हामी जननिर्वाचित सम्पूर्ण प्रतिनिधीहरु फुटेर होइन जुटेर, वहुमतिय हैन सहमतिय अभ्यासवाट विकास निर्माणमा एकजुट भई अगाडि बढ्ने प्रण गरौं ।

आदरणिय सभाध्यक्ष तथा सदस्यज्यूहरु
अव म आर्थिक बर्ष २०७७/०७८ को तथा नेचासल्यान गाउपालिकाको बिगत ३ बर्षको बार्षिक कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिको सम्क्षिप्त समिक्षा गर्ने अनुमति चाहन्छु ।

## नेचासल्यान गाउपालिकाको बिगत ३ बर्षको बजेटको सम्क्षिप्त जानकारी

| विवरण | आ.व. ०७६/०७७ को यथार्थ बजेट | आ.व. ०७७/०७८ को शंसोधित बजेट | आ.व. २०७७/०७८ जेष्ठ मसन्तासम्मको खर्च |
|---|---|---|---|
| चालु खर्च | ४,७५,७३,०००.० | ५,४९,१०,०००.०० | ४,०६,४८,००२.०० |
| कार्यालय पूजिगत | ४४,००,०००.० | ६२,००,०००.०० | १७,०९,१४४.०० |
| आर्थिक विकास | १,५५,००,०००.० | २,०१,५०,०००.०० | ८७,७९,९७०.०० |
| सामाजिक विकास | १,४८,८५००००.० | ३,०२,९६,०००.०० | ९६,२९,६९४.०० |
| पूर्वाधार विकास | ६,५६,८०,०००.० | १०,३२,२४,४७३.०० | ३,३८,३८,६०९.०० |
| संस्थागत विकास र सेवा प्रवाह र शुशासन | ८६,००,०००.० | १,८६,५०,०००.०० | ७४,३५,३३६.०० |
| अन्य वडा सिलिङ | ० | ३,५२,१८,०००.०० | १,४९,६८,५०५.०० |
| का.पा. निर्णय/वडा | ३,००,००,०००.० | - | |
| समपुरक/बिशेष/रोजगार | | | |
| नेपाल सरकारबाट प्राप्त शशर्त अनुदान | | २०,३३,६२,८१०.०० | १०,२२,९८,४६०.०० |
| प्रदेश शशर्त अनुदान | | १,००,०००.०० | - |
| जम्मा | | ४७,२१,११,२८३.०० | २१,९३,०७,७२०.०० |

नेचासल्यान गाउपालिकाको यस नवौं गाउसभा प्रस्तुत कार्यक्रमको समिक्षामा चालु आर्थिक बर्ष २०७७/०७८ को जेष्ठ मसन्ता सम्मको अवधिलाई आधार मानिएको भौतिक तथा वित्तिय प्रगतिहरु पेश

गरेको छु । चालु आर्थिक बर्षको बाँकी अवधिको भौतिक तथा वित्तिय प्रगतिहरु आगामि गाउँ सभामा प्रस्तुत गरिने व्यहोरा अनुरोध गर्दछु ।

चालु आर्थिक बर्षमा संचालनका निम्ति स्विकृत योजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र सम्पन्न भएका केहि सम्पन्न हुने क्रममा रहेका तथा केहि योजनाहरु कोरोना भाईरस (कोभिड १९) को दोश्रो भेरियण्टका कारण संचालन गर्न संभावना नभएका अत्यावश्यक योजनाहरु आगामि बर्षको योजनामा राखिएको जानकारी गराउदछु ।

नेचासल्यान गाउपालिकाले आर्थिक बर्ष २०७७/०७८ को अवधिमा संचालन गरेका विकासका कार्यहरुमध्ये सडक ट्रयाक ओपन तथा स्तरोन्नती, बिद्युतीय प्रशारण लाइन विस्तार, कृषि प्रसार तथा पशुपालन क्षेत्रको विकास, शुसासन तथा सुचना प्रविधिको प्रबर्द्धन, शैक्षिक गुणस्तर बृद्धि, लक्षित बर्गको शसक्तिकरण, विपद् व्यवस्थापन तथा अन्य पूर्वाधार विकास सम्बन्धि योजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन् ।

अध्यक्ष महोदय,
चालु आर्थिक बर्ष २०७७/०७८ को जेष्ठ मसन्तासम्म संचालित योजना तथा कार्यक्रमहरुको विषयगत रुपमा भएका भौतिक प्रगति संक्षिप्त रुपमा पेश गर्ने अनुमति चाहन्छु । (बित्तिय प्रगति अनुसुचिमा उल्लेख गरेको छु ।)

## क) आर्थिक विकास

चालु आर्थिक बर्ष २०७७/०७८ मा आर्थिक विकासमा बिनियोजित रकम रु २,००,५०,०००। बाट कृषि/पशुपालन अन्तर्गत बेमौसमि तरकारी खेतिका निम्ति सहुलियत दरमा प्लष्टिक ४२ वटा टनेल तथा प्लाष्टिक पोखरी ७५ प्रतिशत अनुदानमा ७ बितरण गरियो । कृषि नर्सरी स्थापनामा सहयोग साथै तरकारी किट २१०० प्याकेट बितरण गरिएको छ । मसलाजन्य बालि अन्तर्गत लसुन खेति गर्न इच्छुक कृषकहरुका निम्ती ५०० केजी लसुनको बिउ निशुल्क रुपमा वितरण गरिएको छ साथै फलफुल (सुन्तला, कागति, एभोकार्डो, अम्बा तथा मेवा) का बिरुवा बितरण गर्नका निम्ति माग संकलन गरिएको छ । कृषि व्यवशायलाई प्रबर्द्धन गर्नका लागि कृषि कोशेली घर संचालनका निम्ति व्यवशायिलाई अनुदान, व्यवशायिक प्रोत्साहन अनुदान, कृषि प्रदर्शनी मेला तथा नमुना कृषि कार्यक्रम सफल रुपमा संचालन गरिएको छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाबाट बिनियोजित बजेट रु २४ लाखबाट २ कृषक समूहमा केरा तथा आलु पकेट क्षेत्र कार्यक्रम संचालन गरिएको छ । पशुपालनको क्षेत्रमा उन्नत नश्लका राँगा प्रति वडा १/१ का दरले ५ वटा, बोयर जातका २५ बोका निशुल्क वितरण गरिएको एवं खोर निर्माणमा समेत अनुदान वितरण गरिएको छ ।

चालु आर्थिक बर्ष देखी संचालनमा आएको ग्रामिण गरिवी निवारणका निम्ति लघुउद्यम विकास कार्यक्रम अन्तर्गत व्यवशायिक उद्यमी तयार गर्नका निम्ति जनसमूहको माग अनुसार नयाँ उद्यमी तथा स्तरोन्नती तालिमहरु संचालन गरिएको छ । स्तरोन्नती तर्फ हाते होजियारी तालिम, च्याउ खेति तालिम, हाउसवायरीङ तालिम सम्पन्न गरिएको छ । साथै नयाँ उद्यमी सृजनातर्फ डल कुसन बनाउने तालिम, मखमल जुत्ता चप्पल बनाउने तालिम र अदुवाको अचार/जुस/केण्डी बनाउने तालिम सम्पन्न गरिएको छ । त्यसैगरि घरेलु व्यवशाय प्रवर्द्धनका निम्ती स्थानीय रुपमा घरेलु उद्योग सूपथ मूल्य पसल संचालनका निम्ति स्थानीय व्यवशायि छनौट गरि अनुदान समेत उपलब्ध गराईएको छ । पर्यटन क्षेत्रको विकासका निम्ती गाउपालिकाको पर्यटन विकास योजना

अनुरुपका कार्यक्रमहरु नियमित रुपमा संचालन हुदै आएका छन् । नेचासल्यान गाउपालिका वडा नं. ४ फुर्केमा पर्यटकिय भ्यूटावर निर्माण कार्य शुरुगरि सकिएको छ ।

## ख) सामाजिक विकास

यस गाउपालिकाको सातौ गाउसभाबाट सामाजिक विकास क्षेत्रमा बिनियोजित बजेट रु.३,६५,४६,०००। बाट खेलकुद क्षेत्र अन्तर्गत दोश्रो नेचासल्यान गोल्ड कप फुटवल प्रतियोगिता, वडा स्तरीय खेलकुद प्रतियोगिता, अन्तर गाउपालिका खेलकुद प्रतियोगिता, खेल शिक्षकको व्यवस्थापन जस्ता कार्यक्रमहरु संचालन भएका तथा शिक्षा क्षेत्रमा निर्णय भएका अधिकांश कार्यक्रमहरु सम्पन्न भएका छन् । सामाजिक विकास क्षेत्र अन्तर्गत चालु आवमा शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रबर्द्धन, खेलकुद तथा मनोरन्जन तथा लैङिक समानता तथा सामाजिक समाबेशिकरण जस्ता कार्यक्रमहरुका तोकिएका कार्यक्रमहरु संचालन एवं सम्पन्न गरिएका छन् । चालुआवमा गाउपालिका भित्रका सम्पुर्ण बिद्यालयहरुमा द्रुत गतिको इन्टरनेट जडानकार्य सम्पन्न गरिने तथा विद्यालयहरुमा डिजिटल हाजिरीको व्यवस्था, बाल कक्षा व्यवस्थापन, बाल कक्षा (ECD) मा अध्ययनरत बिद्यार्थिहरुको निम्ति खाजा व्यवस्थापन आदी कार्यक्रमहरु सम्पन्न गरिएको छ । तथा बिद्यार्थिहरुको होमवर्क गर्ने बानिको विकास गराउनका निम्ति सम्पूर्ण बिद्यालयका बिद्यार्थिहरुलाई चालु आव देखी  बिद्यार्थि होमवर्क डायरि निशुल्क बितरण गरिनेछ ।

संस्कृति प्रबर्द्धनको क्षेत्रमा  १० वटा योजना तथा कार्यक्रम, खानेपानि तथा सरसफाईको क्षेत्रमा ११ वटा योजना तथा कार्यक्रम लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण कार्यक्रम अन्तर्गत लक्षित बर्गलाई आय आर्जनका क्रियाकलापमा सहयोग/सामाग्रि वितरण गाउपालिका भित्र रहेका महिलाहरुलाई महिला अधिकार तथा महिलाहरुलाई विकासमा मूल प्रवाहीकरणका निम्ति १६ दिने लैङ्गिक हिंसा बिरुद्धको अभियान कार्यक्रम सम्पन्न भएका छन् । स्वच्छ खानेपानी सिंचित भूमि, सामूदायिक मठ मन्दिर, देवालय चर्चहरुको संरक्षण र संबर्द्धन आदी कार्यहरुमा उल्लेख्य प्रगति भएको छ ।

स्वास्थ्य क्षेत्रमा तय गरिएका नियमित बार्षिक कार्यक्रमहरु सँगै गत आ.व.मा झै चालु आर्थिक बर्षको उत्तरार्धतिर विश्वव्यापी रुपमा आएको कोभिड १९ (कोरोना भाइरस) दोश्रो भेरियण्टको प्रकोपलाई न्यूनिकरणका लागि गाउपालिकाले पालिका भित्रका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा सामूदायिक अस्पतालमा स्वास्थ्य सामाग्री, कर्मचारीको सबल परिचालन गर्दै संक्रमण फैलन नदिन अथक प्रयास गर्दै आएको छ ।

## ग) पूर्वाधार विकास

पूर्वाधार विकासको क्षेत्रमा चालु आ.व. २०७७/०७८ मा बिनियोजन गरिएको बजेट रु ८,६१,८३,४६३।० बाट गाउपालिका भित्रका पूर्वाधारका विकास निर्माणका योजनाहरु सम्पन्न भएका छन् । जस अन्तर्गत नयाँ सडकको ट्र्याक ओपन, स्तरोन्नती, सडक सोलीङ कार्यहरु संचालन गरिएको छ । गाउपालिकाको अथक प्रयासबाट निर्माण सम्पन्न गरिएको तुइन्टार लघुजलबिद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई उक्त विद्युतबाट लाभान्वित क्षेत्र भित्र रहेका करिव ८०० घरधुरीमा बिद्युत जडानकार्य सम्पन्न गरिएको छ । गाउपालिकामा बिद्युतको राष्ट्रिय प्रशारण लाईन जोड्ने कार्य अन्तर्गत गाउपालिकाको ५ वटै वडामा प्रशारण लाईन बिस्तारको कार्य धमाधम भैरहेको छ । चालु आर्थिक बर्ष २०७७/०७८ मा पूर्वाधार विकास क्षेत्रमा भएका महत्वपूर्ण कार्यहरु :

- सल्यान फेदी-दोदि-खहरे-नाम्लो-चुर्पु सडक खण्ड मध्ये खहरे विहिबारे खण्डको सडक स्तरोन्नती कार्य सम्पन्न तथा दोदी-खहरे खण्डको स्तरोन्नती कार्य अन्तिम अवस्थामा रहेको,
- वडा नं. ४ रेडक्रस भवन-सामूदायिक अस्पताल तथा केदारस्कूल सडकखण्ड स्तरोन्नती तथा सोलीङ कार्य सम्पन्न,
- नेचासल्यान २ केउरेनी-ठाँटीनाला-भदौरे सडक निर्माण कार्य सम्पन्न
- नेचासल्यान १ टुहुरे-हर्कटे–लेब्लु सडक निर्माण सम्पन्न ।
- फुर्के पोखरी पुनरर्भरण योजना सम्पन्न ।
- नेचासल्यान १ ठाडोखोला झोलुंगे पूल निर्माण सम्पन्न ।
- चुर्पुघाट मोटरेवल पूल निर्माण कार्य अन्तिम अवस्था रहेको (प्रदेश सरकार)
- नालाघाट मोटरेवल पुल निर्माण शुरु भएको -प्रदेश सरकार)
- खसीबोका संकलन केन्द्र निर्माणकार्य सम्पन्न ।
- हिमाल दर्शन नमुना विद्यालयको भवन निर्माण कार्य सम्पन्न (बजेट १.५ करोड) तथा थप कक्षा कोठा निर्माण कार्य (३६ लाख) अन्तिम चरणमा रहेको
- भुमेश्वरी मा वि, बिपि संस्कृत मा.वि. र गणेशथान मावि ४ काठे विद्यालय भवन निर्माण कार्य सम्पन्न ।
- शहिद नरनाथ आ.वि मा २ काृठे ट्रस बिल्डङ निर्माण कार्य अन्तिम चरणमा रहेको
- केदार माध्यमिक विद्यालयमा ४ कोठे बिद्यालय भवन निर्माण शुरु गरिएको
- ग्रामिण विकास संस्था सँगको साझेदारीमा नेचासल्यान ४ फुर्केमा वन नर्सरी स्थापना भई बिरुवा उत्पादन शुरु तथा फलफुल नर्सरी स्थापना कार्य शुरुवात गरि सकिएको
- नेचासल्यान १ मा कुसुन थुतेन गुम्बा निर्माण कार्य शुरुगरिएको ।
- वडा नं. ४ मा कृष्ण प्रणामि मन्दिर निर्माणकार्य अन्तिम चरणमा रहेको
- सल्यान अस्ततालको डिपिआरको कार्य सम्पन्न गरिएको ।
- वडा कार्यालयहरुको भवन निर्माणका निम्ति डिपिआर सम्पन्न गरिएको
- नेचासल्यान ४ फुर्के-महादेवस्थान (चिसंसुगढि गापा) सडक ट्र्याक ओपन कार्य शुरु गरिएको

- नेचासल्यान खहरे धर्मशाला मुहान नेचासल्यान ३,४ र ५ चुहान खानेपानि योजना निर्माणाधिन ।
- देम्चे खोला मुहान-सल्यान-केउरेनी चुहान खानेपानी योजना ९०% कार्य सम्पन्न ।

घ) बाताबरण तथा बिपद् व्यवस्थापन

चालु आर्थिक बर्ष २०७७/७८ को अन्त्यतिर विश्वव्यापी महामारीको रुपमा आएका कोरोना भाईरस (कोभिड-१९) को दोश्रो भेरियण्ट नियन्त्रणका निम्ति विपद व्यवस्थापनका आवश्यक संयन्त्र परिचालन गरिएको छ ।

वातावरण तथा विपद् व्यवस्थापनका निम्ति गाउपालिकामा गाउ विपद् व्यवस्थापन समिति तथा वडास्तरीय विपद् व्यवस्थापन समितिहरु सक्रिय गरिएको छ । विपद्को व्यवस्थापनको निम्ति इलाका प्रहरी कार्यालय तथा सल्यान स्थित प्रहरी चौकिमा आपतकालिन उद्धार केन्द्र स्थापना गरि बिपद्सँग सम्बन्धित सामाग्रिको व्यवस्था तथा गाउपालिका कार्यालय, वडा कार्यालय, बिषयगत शाखा, बिद्यालयहरु, क्याम्पसमा आगो निभाउने फायर स्टिङ्गरको व्यवस्था गरिएकोछ । पालिका स्तरमा बिपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ ।

ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

सुशासन तथा संस्थागत विकास क्षेत्रमा बिनियोजित बजेटबाट जनसरोकारका बिषयमा गाउपालिकाबाट भए गरेका कार्य प्रगतिहरु, गाउपालिकाका सार्बजनिक सरोकारका सूचना/जानकारीहरु प्रकाशन एवं प्रशारण स्थानीय एफ एम बाट नियमित रुपमा प्रशारण तथा बिकास एवं जनचेतनामूलक कार्यक्रम साप्ताहिक रुपमा जिल्लाका एफ एमहरुबाट प्रशारण गर्ने व्यवस्था मिलाईएको साथै इन्टरनेट, डिस्प्ले बोर्डको व्यवस्था समेत लाई नियमितता गरिएको छ । गाउपालिकाका ५ वटै वडा कार्यालयहरुमा द्रुत गतिको इन्टरनेट जडान गरिएको छ । गाउपालिकाका बिकास निर्माण तथा जानकारी आम नागरिकहरुमा जानकारी गराउने उद्धेश्यले गाउपालिकाको वेव साईट अद्यावधिक गर्ने, नेचासल्यान गाउपालिकाको नामबाट फेसबुक, ट्विटर, ग्रुप एस एम एसको व्यवस्था गरिएको छ । त्यसै गरि गाउपालिकामा रेडियो स्टेशन (रेकर्डिङ केन्द्र) स्थापना गरिएको छ । सम्पूर्ण गाउपालिकाबासिहरु गाउपालिकाको बिकास र निर्माण सम्बन्धि जानकारी गराउन स्थानीय एफ एमहरु सूचना एवं जानकारीहरुको प्रसारण साथै जनचेतनामुलक कार्यक्रमका रुपमा साप्ताहिक नेचासल्यान सम्बृद्धि कार्यक्रम हिमाल एफ एम र सोलु एफ एमबाट प्रशारण गर्दै आएका छौं । कार्यालय व्यवस्थापन तर्फ कार्यालय भवनमा बिभिन्न शाखा तथा इकाईको व्यवस्था गरि फर्निचर, कम्प्यूटर लगायतका अत्यावश्यक सामाग्रिहरुको व्यवस्था गरिएको छ । साथै नेपालको संबिधान, २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको स्थानीय सरकारलाई प्रदत्त अधिकारका आधारमा गाउपालिकाले गत आर्थिक बर्षसम्ममा ५७ र चालुआवमा १७ वटा स्विकृत गरि जम्मा ७४ वटा स्थानीय कानून (ऐन, नियम, कार्यबिधि तथा निर्देशिका) तयार गरि कार्यान्वयनमा ल्याइएको छ ।

# आर्थिक बर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम

**आदरणिय सभाध्यक्ष तथा सदस्यज्यूहरु**
अव म आगामी आर्थिक बर्ष २०७८/०७९ को बजेट तथा योजना तर्जुमामा राखिएका उद्धेश्य तथा कार्यान्वयन गर्दा अवलम्बन गरिने दिर्घकालीन सोच, योजना तर्जुमाका आधारहरु, मुख्य नीतिहरु, बजेटको प्राथमिकता र उद्धेश्यको बारेमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) सोच :
नेचासल्यान गाउपालिकाको आवधिक (पञ्चबर्षिय) योजनाको मुल नारा **"समुन्नत कृषि, पर्यटन, ऊर्जा, शिक्षा, स्वास्थ्य, सहकारी र पूर्वाधार ! सुशासन, समावेशिता र दीगो विकास समृद्ध नेचासल्यानको आधार !!"** लाई आत्मासात गर्दै यस गाउपालिकालाई सम्बृद्ध गाउपालिका बनाउने ।

२) लक्ष्य :
कृषि, पर्यटन, उर्जा, सहकारी र पूर्वाधार लगायत क्षेत्रहरुको विकास गर्ने र जनताहरुका आधारभूत आवश्यकतासँग जोडिएका कार्यक्रमहरु संचालन गरि यस गाउपालिकालाई अनुकरणिय गाउपालिकाको रुपमा विकास गर्ने ।

३) उद्देश्य :
यस गाउपालिकाको योजना तथा कार्यक्रमहरु स्थानीय उत्पादन तथा जनताको जिवन स्तर, आय आर्जन र रोजगारी सँग आवद्ध गरि जनताको जिवनस्तरमा सुधार ल्याई यस गाउपालिकालाई सम्बृद्ध बनाउनु हाम्रो उद्धेश्य रहेको छ ।

## योजना तर्जुमाका आधारहरु

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- नेपाल सरकार आ.व ०७८।७९ को नीति तथा कार्यक्रम
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघ र प्रदेशको आवधिक योजना ।
- स्थानीय स्रोत साधन
- दिगो विकासका लक्ष (SDG)
- संघ, प्रदेश र स्थानीय तहले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- नेचासल्यान गाउपालिकाको प्रथम पञ्चबर्षिय योजनाको लक्ष र प्राथमिकता

## आगामि आ.व. २०७८/०७९ को लागि तय भएका प्राथमिकताका क्षेत्रहरुः-

- स्वास्थ्यनै मावन जीवनको पहिलो आवश्यकता भएको हुनाले स्वास्थ्य क्षेत्र
- आत्म निर्भर हुने गरी कृषि तथा पशु उत्पादनमुखि, व्यवशायमुखि तथा स्वरोजगारमुखि कार्यक्रमहरु
- रोजगारी सिर्जना हुने कार्यक्रमहरु
- गरिवी निवारण, पूर्ण सरसफाई तथा लैगिंक तथा समावेशी विकासका लागि सामाजिक परिचालन कार्यक्रम
- भाषा, साहित्य, कला संस्कृतिको संरक्षण र प्रवर्द्धन

- स्थानीय स्रोत साधन र सीपको प्रयोग,
- महिला बालबालिका तथा पिछडिएको क्षेत्रका समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्यक्रम,
- पुर्वाधार विकास, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने कार्यक्रम,

## ६ सभाध्यक्ष महोदय,

**अव म यस गाउपालिकाको आर्थिक बर्ष २०७८/०७९ को आयव्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु**

नेचासल्यान गाउँपालिकाले प्रस्तावीत वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित तहको एकल तथा साझा अधिकार सूची, आर्थिक अधिकार आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ न्त्रालय र संघीय मालिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धती, विकास समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन लैगिंक शसक्तीकरण तथा समावेशी विकास समेतलाई आधार मानी सहभागितात्मक योजना तर्जुमाका सबै चरणहरु पूरा गरी गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय नवौं गाउँसभामा आगामी आीर्थक वर्ष ०७८/०७९ को वजेट प्रस्तुत गरको छु ।

अव म आ.ब. २०७८/०७९ को नेचासल्यान गाउँपालिकाको अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।

| क.सं. | श्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघिय सरकार | | |
| १.१ | सर्सत अनुदान | २१,२८,००,०००।०० | |
| १.२ | वित्तिय समानिकरण अनुदान | १२,३३,००,०००।०० | |
| १.३ | राजश्व बाँडफाँड | ५,०४,१२,०००।०० | |
| १.४ | संघिय समपुरक अनुदान | १,३९,००,०००।०० | |
| २. | प्रदेश सरकार | | |
| २.१ | सर्सत अनुदान | ५०,०००।०० | |
| २.२ | प्रदेश सरकार वित्तिय समानिकरण | ७१,७६,०००।०० | |
| २.३ | प्रदेश राजश्व बाँडफाँड | २०,२०,०००।०० | |
| २.४ | समपुरक अनुदान | १,००,००,०००।०० | |
| ३ | मालपोत रजिष्ट्रेसन बापत | | |
| ४ | आन्तरिक श्रोत | ५०,००,०००।०० | |
| ५ | चालु आ.व. बाट संचितकोषमा जाने | ४,७१,८२,०००।० | |
| | **जम्मा रकम** | ४७,१८,४०,०००।० | |

# नेचासल्यान गाउपालिका आगामि आ.व. २०७८/०७९ को क्षेत्रगत बजेट विनियोजन

| विवरण | आ.व. ०७६/०७७ को यथार्थ बजेट | आ.व. ०७७/०७८ को शंसोधित बजेट | आ.व. २०७८/०७९ को अनुमानित बजेट |
|---|---|---|---|
| चालु खर्च | ४,७५,७३,०००.० | ५,४९,१०,०००.०० | ६,३७,७१,००० |
| कार्यालय पूजिगत | ४४,००,०००.० | ६२,००,०००.०० | ५२,००,००० |
| आर्थिक विकास | १,५५,००,०००.० | २,०१,५०,०००.०० | १,८८,७५,००० |
| सामाजिक विकास | १,४८,८५०००.० | ३,०२,९६,०००.०० | ४,५४,४४,००० |
| पूर्वाधार विकास | ६,५६,८०,०००.० | १०,३२,२४,४७३.०० | ८,०५,५०,००० |
| वातावरण तथा विपद व्यवस्थापन | | | ८३,५०,००० |
| संस्थागत विकास र सेवा प्रवाह र शुशासन | ८६,००,०००.० | १,८६,५०,०००.०० | १,४४,००,००० |
| अन्य वडा सिलिङ | ० | ३,५२,१८,०००.०० | |
| का.पा. निर्णय/वडा | ३,००,००,०००.० | - | |
| समपुरक/बिशेष/रोजगार | ० | | ८५,००,००० |
| **जम्मा** | | | **२४,५०,९०,०००** |
| नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान | | | १,३९,००,००० |
| नेपाल सरकारबाट प्राप्त शशर्त अनुदान | ० | २०,३३,६२,८१०.०० | २१,२८,००,००० |
| प्रदेश शशर्त अनुदान | ० | १००,०००.०० | ५०,००० |
| **जम्मा** | | | **२२,६७,५०,०००** |
| **कुल जम्मा** | | **४७,२१,११,२८३.००** | **४७,१८,४०,०००** |

अध्यक्ष महोदय,

- नेचासल्यान गाउँपालिकाको आगामि आर्थिक वर्ष २०७८।०७९ का विकास निर्माण आयोजना तथा कार्यालय संचालनको लागि यस गाउँपालिकामा प्राप्त संघीय तथा प्रदेश ससर्त कार्यक्रम, वित्तय समानिकरणबाट प्राप्त रकम, राजश्व बाँडाफाँड बाट प्राप्त रकमका साथै गाउँपालिकाको राजश्व परामर्श समितिले पेश गरेको प्रतिवेदनका आधारमा तोकिएको आन्तरिक राजश्व, यस गाउँपालिकाले चालु आ.व. मा खर्च गर्न नसकेको रकमको व्यवस्थापन गरि आयोजना तथा दैनिक प्रशासन संचालनमा खर्च गर्ने गरि बजेट प्रस्तुत गरेको छु ।

- यस गाउँपालिकाका गौरवका आयोजनाहरु, गाउँपालिकाको स्रोत तथा साधनले धान्न नसक्ने ठूला योजनालाई कार्यान्वयन गर्नको लागि केन्द्र सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकाय समक्ष पेश गर्ने गरि प्रस्ताव गरेको छु । साथै यस नेचासल्यान गाउँपालिकाले आगामि आ.व. २०७८।०७९ मा स्वास्थ्य क्षेत्र, कोरोना भाइरस (कोभिड-१९) को दोश्रो भेरियण्ट नियन्त्रण, मोटरबाटोको स्तरोन्नती गर्ने, तुइन्टार जलविद्युत लाइन विस्तार, राष्ट्रिय प्रसारणको लाइन घरघरमा पुर्‍याउने, गाउँपालिकाको मुख्य प्रशासनिक भवनको जग्गा व्यवस्थापन लागयतका मुख्य मुख्य आयोजनाहरु संचालन गरिनेछ । वडा स्तरमा अति महत्वपूर्ण रहेका योजना तथा कार्यक्रमहरु

वडा समितिको निर्णयानुसार बिनियोजन गर्नका निम्ति प्रति वडा रु. ५०,००,०००। (पचासलाख) वडा सिलिङ वडामा पठाईएकोमा सोहि अनुरुप वडाबाट आएका योजना तथा कार्यक्रमहरु र स्थानीय सरकार संचालन ऐनको प्रावधान पूरागरि बस्तिस्तरबाट माग भई वडा समितिबाट सिफारीस भई आएका योजना तथा कार्यक्रमहरु तथा गाउपालिकाका महत्वपूर्ण योजना तथा कार्यक्रमहरु आगामि आवमा संचालन गर्ने गरि समेटएको जानकारी गराउदछु ।

साथै विकासमा साझेदारी गर्न सिमाना जोडिएका गाउँपालिका तथा नगरपालिका संग समझदारी कायम गरी साझेदारीमा विकास निर्माणको कामलाई अगाडि बढाइनेछ ।

- नेपाल सरकारबाट सशर्त तर्फ प्राप्त बजेट, कार्यक्रम र ०७८/०७९ का बजेट तथा कार्यक्रमको पूर्ण विवरण अनुसुचिमा उल्लेख गरेको छु ।

**श्रद्धेय अध्यक्ष लगायत सदस्य ज्युहरु,**

गाउँपालिकाले हालसम्म प्राप्त गरेको उपलब्धिहरुलाई संस्थागत गर्दै आर्थिक, सामाजिक, र सांस्कृतिक सबै क्षेत्रको तीव्र विकास गरि समृद्ध नेचासल्यान र सुखी नेचासल्यानको आकांक्षा पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रम पेश गरेको छु । यो बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नेपाल सरकारले तोकेको लक्ष्य तथा गाउपालिकाको आवधिक योजनाले राखेको उद्धेश्य पुरा गर्ने पहिलो सिंढिको शुरुवातमा सघाउ पुग्ने आशा लिएको छु ।

नेचासल्यान सोलुखुम्बु जिल्लाभित्र उदीयमान, विकासशिल गाउँपालिकाको रुपमा स्थापित गर्न सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीको योगदान अमूल्य हुने भएकाले यो बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट योगदान हुने विश्वास व्यक्त गर्दछु ।

अन्त्यमा, गाउपालिकाको चालु आर्थिक बर्षको योजना तथा कार्यक्रमहरु संचालन एवं सम्पन्न गर्न तथा आगामी आर्थिक बर्ष २०७८/०७९ को बजेट तयारीमा आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भुमिका निर्वाह गर्ने सोलुखुम्ब जिल्लामा संघ/प्रदेशका माननिय संसदज्यूहरु, स्थानीय राजनैतिकदलका पदाधिकारीहरु, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारी, स्थानीय व्यवशायि, श्रमजीवि, नगरिक समाज, बुद्धिजीवि, संचारकर्मी तथा सम्पूर्ण नेचासल्यान बासीहरुलाई धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद

धर्मध्वज खत्री<br>
कार्यपालिका सदस्य/वडाध्यक्ष<br>
नेचासल्यान गाउपालिका<br>
२०७८/०३/१०